नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(प्रशासन शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- २०७८/७९/१/११
प्राप्त पत्र संख्या:- ...............
च.नं.:- १६३३

मिति : २०७९/०१/२२

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थलरुप नापी तथा भूउपयोग व्यवस्थापन महाशाखा, नापी विभाग ।
श्री कित्तानापी महाशाखा, नापी विभाग ।
श्री खगोल तथा भूमापन महाशाखा, नापी विभाग ।
श्री भौगोलिक सूचना पूर्वाधार महाशाखा, नापी विभाग ।
श्री नापी कार्यालयहरु, सबै ।
श्री विशेष नापी कार्यालयहरु, सबै ।
श्री डिजिटल नापी कार्यालय, बनेपा ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.स. १.१/प्र/२०७८/०७९/१(१)२, च.नं १५०२, मिति २०७९/०१/१२ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र बमोजिम श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा गठित ५९ औं केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन गर्न/गराउनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (तत्काल समस्या समाधान केन्द्र) को प.स. ०७८/७९, च.नं. त.स./५३१/५९००, मिति २०७९/०१/०४ को पत्रसाथ प्राप्त ५९ औं केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयको छायाँप्रति पाना १(एक) जानकारी एवम् आवश्यक कार्यार्थका लागि यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(सुरज श्रेष्ठ)
शाखा अधिकृत

बोधार्थ :

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(प्रशासन शाखा)

फोन नं. ४२११६६१
४२११९३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

पत्र संख्या:- १.१/प्र./२०७८/०७९/१(१)२
चलानी नं. १५०२

मितिः- २०७९/०१/१२

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री भूमि सम्बन्धी समस्या समाधान आयोग, ताहाचल, काठमाण्डौ ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल ।
श्री नापी विभाग, मीनभवन ।
श्री सहकारी विभाग, नयाँवानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल ।
श्री सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँबानेश्वर ।
श्री समस्याग्रस्त संस्था वा सङ्घको व्यवस्थापन समिति, अनामनगर, काठमाण्डौ ।
श्री गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर ।
श्री राष्ट्रिय सहकारी विकास वोर्ड, हरिहरभवन, पुल्चोक ।
श्री साझा प्रकाशन सहकारी संस्था लि.पुल्चोक, ललितपुर ।
श्री साझा भण्डार सहकारी संस्था लि. पुल्चोक, ललितपुर ।
श्री साझा यातायात सहकारी संस्था लि. पुल्चोक, ललितपुर ।
श्री साझा सेवा सहकारी संस्था लि. पुल्चोक, ललितपुर ।
श्री साझा स्वास्थ्य सेवा सहकारी संस्था लि. साततले कपन, चावहिल ।

नापी विभाग
दर्ता नं. २८६०
प्राप्त मिति: २०७९-१-१६

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (तत्काल समस्या समाधान केन्द्र) सिंहदरबारको प.सं. २०७८/०७९ च.नं. त.स./५३१/५९०० मिति २०७९/०१/०४ को श्रीमान् मुख्य सचिवकोज्यूको अध्यक्षतामा गठित सचिवस्तरको मिति २०७८/१२/०२ गते बसेको ५९ औं केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठकले गरेका निर्णयहरु यस मन्त्रालयको प.सं. १.१/प्र./२०७८/०७९/१(१)२ च.नं. १३३१ मिति २०७८/१२/१० मार्फत तहाँ आयोग/विभाग/केन्द्र/कार्यालयमा जानकारी गराईसकिएको व्यहोरा स्मरण गराउन चाहान्छु । यस सन्दर्भमा निर्णय कार्यान्वयन गर्न गराउन हुन पुनः आदेशानुसार अनुरोध छ ।

(अर्जुन पौडेल)
शाखा अधिकृत

बोधार्थः-

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाण्डौ ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

(तत्काल सेवा तथा समाधान केन्द्र)

सिंहदरबार, काठमाण्डौ

२६२९
०७८।१।१८

प.सं. ०७८/७९
च.नं. त.स./५३१/५९००

मिति:२०७९/०१/०४

श्रीमान् सचिवज्यू,

गृह मन्त्रालय
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
अर्थ मन्त्रालय
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय
खानेपानी मन्त्रालय
परराष्ट्र मन्त्रालय
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
शहरी विकास मन्त्रालय
वन तथा वातावरण मन्त्रालय
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
राष्ट्रिय योजना आयोग
राष्ट्रिय सतर्कता केन्द्र, काठमाडौं, नेपाल।

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।

मिति २०७८/१२/०२ गते बुधबारका दिन श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा बसेको ५९औं केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको बैठकले गरेका निर्णयहरु कार्यान्वयनको लागि यस अगाडि च.नं. त.स./५३१/५१२७ प.सं. ०७८/७९ मिति २०७८/१२/६ को पत्र मार्फत जानकारी गराईसकिएको व्यहोरा स्मरण गराउन चाहन्छु। यस सन्दर्भमा तहाँ मन्त्रालय/आयोग/केन्द्र/कार्यालयसँग सम्बन्धित निर्णयहरु कार्यान्वयन गर्न, गराउन हुन पूनः आदेशानुसार अनुरोध छ।

प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखा
भूमि व्यवस्थापन महाशाखा
योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा

२०७९।१।१८

(सन्तोष प्रसाद दाहाल)
उपसचिव

नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीको संयोजकत्वमा मिति २०७८ साल चैत्र ०२ गते बुधबार
बसेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ५९ औं बैठकले वर्तमान सन्दर्भमा संयुक्त बजार अनुगमन
प्रणाली, सार्वजनिक सेवाको गुणस्तर सुधार, पेट्रोलियम पदार्थको मूल्य वृद्धि तथा आपूर्ति प्रणाली लगायतका विषयमा
विस्तृत छलफल गरी देहायका निर्णयहरु गरियो।

१ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले संयुक्त बजार अनुगमन निर्देशिकाको प्रस्तावित मस्यौदा
सरोकारवाला निकायहरुसँग राय, परामर्श लिई स्वीकृतिको प्रक्रियामा लैजाने ।

२ पेट्रोलियम पदार्थको मूल्य वृद्धिले बजार अभाव सिर्जना हुन सक्ने भएको हुँदा यसको भरपर्दो आपूर्ति प्रणाली
व्यवस्थित गर्ने ।निरन्तर आपूर्ति प्रणालीको लागि स्वचालित मूल्यको वैज्ञानिक व्यवस्थापन मिलाउने ।

३ बढ्दो पेट्रोलियम माग कम गर्न विद्युत खपत बढाउने गरी ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयबाट राष्ट्रिय
कार्ययोजना बनाई कार्यान्वयन गर्ने, गराउने।

४ इलेक्ट्रिक सवारी साधनहरुको प्रयोजनार्थ Charging Station व्यवस्थापन सम्बन्धी जग्गा प्रबन्ध गर्न ऊर्जा,
जलस्रोत तथा सिचाई मन्त्रालय, सहरी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था तथा
गरिबी निवारण मन्त्रालय र अर्थ मन्त्रालयले संयुक्त रुपमा पहल गर्ने । यस कार्यालयको आर्थिक पूर्वाधार
क्षेत्रले यस कार्यको सहजीकरण गर्ने ।

५ विपद् व्यवस्थापनलाई ध्यानमा राखी गृह मन्त्रालयले आगलागी, डढेलो एवं आगामी दिनमा आउन सक्ने
बाढी पहिरो लगायतका विभिन्न विपद्को समाधान गर्न सक्ने गरी पूर्व तयारी कार्य गर्ने गराउने।साथै
सम्बन्धित निकायहरुसँग समन्वय गरी खाद्यान्न तथा औषधिको भरपर्दो व्यवस्थापन गर्ने ।

६ राष्ट्रिय परिचयपत्र, पासपोर्ट, लाइसेन्स र वैदेशिक रोजगारीको श्रम स्वीकृति सम्बन्धी सार्वजनिक सेवाको
भरपर्दो व्यवस्थापन मिलाउने गरी सम्बन्धित निकायहरुले तत्कालिन र मध्यकालिन सुधार कार्ययोजना
बनाई कार्यान्वयन गर्ने र सोको जानकारी यस कार्यालयलाई गराउने ।

७ विषयगत मन्त्रालय र निकायबाट प्रदान हुने सार्वजनिक सेवा र कार्यहरुको अनुगमन र अनुगमनको पनि
अनुगमनको लागि सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ र सुशासन (व्यवस्थापन
तथा सञ्चालन) नियमावली, २०६५ को अधिनमा रही प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सुशासन हेर्ने क्षेत्रबाट
राष्ट्रिय मापदण्ड वा निर्देशिका बनाई अर्को बैठकमा पेश गर्ने ।

८ समितिको ५८ औं बैठकको निर्णय बमोजिम विषयगत मन्त्रालयहरुले सार्वजनिक सेवा र कार्यको सुधार
योजना बनाई १ महिना भित्र कार्यान्वयन गर्ने ।

मुख्य सचिव